# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: ११६६

मिति : २०८१/११/०८

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८१/११/०९ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : विहानको ११:०० बजे

(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

<u>मिति २०८१/११/०९ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :</u>

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को लागि योजना आयोगमा समपूरक र विशेष अनुदानका योजना माग गर्ने सम्बन्धमा ।

३. अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धमा ।

४. विविध विषयका सम्बन्धमा ।

उज्वल बहादुर वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/११/०९ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | Deumaya | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | Tika | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :-

श्री बुद्धि प्रसाद चुवेदी लेखा अधिकृत

श्री मिलन ओझा सू.प्र.अ.

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/११/०९ गतेको आ.व. २०८१/०८२ को नवौं बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/११/०९ गतेको आ.व. २०८१/०८२ को नवौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारवाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८१ फाल्गुण १५ गते भित्र राष्ट्रिय योजना आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो।

**नेपाल सरकारसंग माग गर्ने योजनाको विवरण :**

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. बौदीकाली चक्रपथ (चापाभन्ज्याङ्ग-राईका हुँदै सवारी पुल) सडक स्तर उन्नती | २,००,००,०००/- | १ | क्रमागत |
| २. इल्दी खोला मोटरेवल पूल, बौदीकाली-४, रुचाङ्ग | ४,००,००,०००/- | २ | नयाँ |
| ३. देउराली-नगरडाँडा सडक स्तरोन्नति | १,००,००,०००/- | ३ | नयाँ |

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. १५ शैयाको आधारभूत अस्पताल संचालनार्थ आवश्यक उपकरण खरिद | १,००,००,०००/- | १ | नयाँ |

CamScanner

| | | | |
|---|---|---|---|
| २. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा ICT विस्तार कार्यक्रम | १,००,००,०००/- | २ | नयाँ |

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. ६५८ मिति २०८१/१०/२० गतेको निर्णयअनुसार शैक्षिक वर्ष २०८१/०८२ को स्नातक तह अध्ययनका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा संचालन हुने BNS शैक्षिक कार्यक्रममा अध्ययन गर्नको लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(क) बमोजिम यस गाउँपालिका अन्तर्गत मिथुकरम स्वास्थ्य चौकी, बौदीकाली-१ मा कार्यरत सि.अ.न.मी. श्री मिरा दरै (क.सं.नं. २१६४५१) मनोनयन गरिएकोमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ उपनियम १,४ बमोजिम र गण्डकी प्रदेश निजामती सेवा नियमावलीको नियम ११६ उपनियम २,७ बमोजिम निजलाई भरतपुर अस्पताल नर्सिङ कलेज, भरतपुर, चितवनमा अध्ययनको लागि ३ वर्ष अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- वि.सं. २०८१ साल फाल्गुन १५ गते बिहिबारका दिन ४३ औं राष्ट्रिय मगर एकता दिवसको उपलक्ष्यमा बौदीकाली गाउँपालिका क्षेत्रभित्र रहेका गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरु, स्वास्थ्य संस्था, शैक्षिक संस्था लगायतका संघसंस्थाहरुमा स्थानीय बिदा दिने निर्णय गरियो ।
- प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा (अन्तर्वार्ता तथा सिफारिस शाखा) को प.सं. २०८१/०८२ च.नं. ६४२ मिति २०८१/११/०२ गतेको उम्मेदवार सिफारिस सम्बन्धी पत्र अनुसार (विज्ञापन नं. ८००१/२०८१-०८२ सेवा/समूह स्थानीय स्वास्थ्य/ज.हे.स. तह आठौं पद मेडिकल अधिकृत सूचना नं. र निर्णय मिति ३६६/२०८१-०८२ २०८१/१०/३०) यस गाउँपालिकामा सिफारिस हुनुभएका धनगढी उपमहानगरपालिका-२, कैलाली स्थायी बसोबास भएका मेडिकल अधिकृत श्री पारस कुँवरलाई स्थानीय सेवा (गठन

तथा संचालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम मिति २०८१/११/०६ गतेदेखि लागू हुने गरी स्थायी नियक्ति दिने निर्णय गरियो।

- बौदीकाली-२, डेढगाउँ स्थित राधाकृष्ण आमा समूहले खेलकुद प्रवर्द्धनका लागि १५ वर्ष मुनिका बालबालिकाहरुलाई संचालन गरेको ३ दिवसिय फुटबल खेल वापत रु. ३०,०००/- **"खेलकुद प्रवर्द्धनका लागि खेलाडी प्रोत्साहन कार्यक्रम"** शिर्षकबाट संलग्न बिल भरपाईमा नियमानुसार कर कट्टी गरी रकम सहयोग गर्ने भनी निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद व्यवस्थापन शाखा) को प.सं. २०८१/०८२ च.नं. १३० मिति २०८१/११/०६ को प्राप्त पत्र र वन तथा वातावरण मन्त्रालयको प.सं. ०८१/८२, च.नं. २९८ मिति २०८१/१०/२७ गतेको प्राप्त पत्र अनुसार वर्षेनी वन डढेलो तथा आगलागीका घटनाहरुबाट हुन सक्ने क्षति नियन्त्रण तथा न्यूनीकरणका लागि ताहाँ कार्यालयबाट गरिएको निर्णयहरुको पालना गर्ने भनी निर्णय गरियो ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आन्तरिक मामिला तथा संचार महाशाखा), गण्डकी प्रदेश पोखराको प. सं. २०८१/०८२ च.नं. ११५२ मिति २०८१/११/०६ गतेको प्राप्त पत्र संगै संलग्न राखिएको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।
- गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ५ बमोजिम दर्ता भएका उजुरीमाथि प्रारम्भिक छानबिन भई उजुरी उपर निर्णयका लागि गुनासो सुनुवाई समितिबाट पेश भएको प्रतिवेदन माथि छानबिन भई प्राप्त उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पठाउने भनी निर्णय गरियो ।

| वडा | अनुसूची-२/६ भर्ने संख्या | अनुसूची-४ भर्ने संख्या |
|---|---|---|
| १ | छैन | छैन |
| २ | ४९ | १ |
| ३ | ४० | छैन |
| ४ | ५९ | छैन |
| ५ | छैन | छैन |
| ६ | छैन | छैन |

- बौदीकाली गाउँपालिकाको मिति २०८१/१०/१४ गते प्रकाशित गाउँपालिकाको लोगो निर्माण गर्ने सम्बन्धी सूचना अनुसार रितपूर्वक आएका ४ जनाको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । सो सम्वन्धमा बौदीकाली गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक, सामाजिक र सांस्कृतिक

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/११/०९ गतेको आ.व. २०८१/०८२ को नवौं बैठकका निर्णयहरु :

विशेषता एवं विशिष्ट पहिचान झल्किने लोगो निर्माण सन्तोषजनक नभएकोले प्रस्ताव पेश गर्ने ४ जनालाई सहभागी प्रमाणपत्र उपलब्ध गराउने र सूचना पुनः प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | प्रस्ताव पेश गर्नेको नाम थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मिलन माली | किर्तिपुर न.पा.-५, काठमाडौं | ९८६०५९६५०० |
| २ | हेमन्त रेग्मी | कोहलपुर न.पा.-१२, बाँके | |
| ३ | बाल गोबिन्द गैह्रे | भिमाद न.पा-५, तनहुँ | ९८२१००९९११ |
| ४ | प्रकाश राना मगर | बौदीकाली गा.पा.-५, नवलपरासी (ब.सु.पू.) | ९८६६६२७१०५ |

- उपभोक्ता समिति मार्फत सम्पन्न भएका योजनाहरुको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को बिल पेश गर्दा अनिवार्य रुपमा गाउँपालिकामा राजस्व तिरेको नगदी रसिद पेश गर्नुपर्ने निर्णय गरियो । साथै अन्य फर्महरुबाट नदिजन्य पदार्थको भ्याट बिल प्राप्त भएमा सो भ्याट बिल मान्य नहुने भनी निर्णय गरियो ।
- गण्डकी प्रदेश गौरवको योजना (कोरेला-त्रिवेणी) अन्तर्गत बौदीकाली-४, रुचाङ्ग खण्डमा सडक विस्तार गर्ने क्रममा रुचाङ्ग स्वास्थ्य चौकीको प्रयोगविहिन भवन सडकको मापदण्ड भित्र पर्ने देखिएकोले उक्त भवन भत्काउन दैनिक ज्यालादारीमा कामदार खटाई ज्याला रकम कामदारहरुलाई भुक्तानी दिने निर्णय गरियो ।
- बौदीकाली-६, नरम स्थित श्री श्रृजनशील महिला समूह गाउँपालिकामा सुचिकृत गरी प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको गाउँपालिका प्रहरी सेवा संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकामा सेवा करारमा छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्न देहाय बमोजिम पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

  प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष
  गाउँपालिकाले तोकेको विषय विज्ञ — सदस्य
  गाउँपालिकाको प्रशासन शाखा प्रमुख — सदस्य
  समितिले आवश्यकता अनुसार सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

- बौदीकाली-२, डेढगाउँ स्थित श्री शिवालय मन्दिर संरक्षण समितिलाई बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner